# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**शनिचरे, झापा**

**विरिङ्ग र टाङ्गटिङ्ग नदीहरुबाट ढुंगा, गिट्टी, वालुवा संकलनको प्रारम्भिक वातावरणीय परिक्षण (IEE)कार्य गर्ने बारे ।**

**सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/४/१५

अर्जुनधारा नगरपालिका क्षेत्र भएर वहने उलेखित २ वटा खोलाहरुबाट ढुंगा, गिट्टी, वालुवा संकलन गर्ने कार्यलाई व्यवस्थीत गर्न वातावरण संरक्षण ऐन २०७६ तथा वातवरण संरक्षण नियमावली २०७७ को नियम ३ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE)कार्य गर्ने शिलसिलामा उपरोक्त नदी तथा खोलाहरुलाई निम्नानुसार छुटा छुटै प्याकेज बनाई भिन्दा भिन्दै अध्ययन गर्न लागिएको छ ।

| **खोला/नदी** | **नदी संग जोडिएको वडा नं.** |
|---|---|
| विरिङ्ग, टाङ्गटिङ्ग, सुखानी, ठूलोनेते, सानो नेते, गोयङ्ग | अर्जुनधारा नगरपालिका वडा नं. १, २, ३, ४, ५ ,७, ८ |
| | |

प्रारम्भिक वातावरणीय परिक्षण (IEE)गर्ने क्रममा नियम ७ को उपनियम २ बमोजिम सो प्रस्ताव कार्यान्वियन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा साँस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आवश्यक छ । यस सम्बन्धमा उक्त क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव बारे प्रस्ताव क्षेत्रको वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सम्बन्धीत अन्य निकाय तथा प्रस्तावबाट प्रभाव पर्न सक्ने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । उक्त राय सुझावको प्रतिलिपि सम्वन्धित मन्त्रालयलाई समेत दिन सकिने छ ।

**राय सुझाव पठाउने ठेगानाः**
अर्जुनधारा नगरपालिका
शनिचरे, झापा
फोन नं. ०२३- ४६५५०२, मो.९८५२६७७३६२